# सामुदायिक विद्यालयमा दिवा खाजा सञ्चालन कार्यविधि,२०७८

**प्रस्तावना :**

शिक्षाको पहुँचमा सुधार गर्न सहयोग पुर्याउने उदेश्यले संघीय सरकारको सशर्त अनुदान मार्फत सामुदायीक विद्यालयहरुका प्राथमिक तहमा (वाल कक्षा देखि कक्षा ५ सम्म) दिवा खाजा कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले, कविलासी नगरपालिकाको शिक्षा ऐन,२०७६ को परिच्छेद १३ को दफा ६४ अनुसार नगर कार्यापालिकाले यो कार्यविधि वनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यो- कार्यविधिको नाम सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ रहेको छ ।

१.२ यो कार्यविधि नगर कार्यपालिकावाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२.कार्यक्रमको उद्देश्य :**

- विद्यार्थीहरुको स्वास्थ्य एवम् पोषणको विद्यमान स्थिती सुधार ल्याउने,
- गरिव विपन्न परिवारका भोकभोकै विद्यालय आउने वालवालिकाहरुलाई मद्दत पुग्ने,
- विद्यालय उमेर समुहका वालवालिकाहरुको भर्ना दरमा वृदि गरी शिक्षाको पहुँचमा बृद्धि गर्ने,
- विद्यार्थीको कक्षा दोहोर्याउने र कक्षा छाड्ने प्रवृत्तिमा कमी ल्याउने,
- विद्यार्थीहरुको कक्षा उपस्थिति दरमा वृद्धि गर्ने ,
- विद्यार्थीहरुको शैक्षिक क्षति न्युन गरी सिकाई उपलब्धि वढाउने,

**३. दिवा खाजाका परिकारहरु :**

स्थानीय स्तरमा उपलब्ध हुने खाद्यपदार्थबाट सम्वन्धित विद्यालय खाजा व्यवस्थापन समितिले विद्यार्थिहरुलाई देहायका समूहका खाद्य सामाग्रीवाट दिवा खाजा तयार गरी विद्यार्थीहरुलाई खुवाउनु पर्नेछ ।

१. कार्वोहाइट समूह : (शक्ति दिने) चामल, गहुँ, आल, तरुल सखरखण्ड आदि

२. प्रोटिन समूह : (शरीर विकास गर्ने) भटमास, सिमी, केराउ, चना, गेडागुडी, माछा, मासु अण्डा आदि

३. मिनिरल समूह : (शक्ति दिने प्रतिरक्षात्मक) हरियो सागपात र अन्य हरिया तरकारीहरु

४. भिटामिन मिनरल्स : (शरीरका अङ्गहरुको सन्तुलित विकास र कार्य क्षमता वृद्धि गर्ने) जस्तै स्याउ, सुन्तला, जुनार, नास्पाती, मेवा, केरा आदि ।

५. चिल्लो पदार्थ समूह : जस्तै घिउ, तेल, नौनी, दूध, दही आदि ।

६. स्थानीय स्तरमा उत्पादित गुणस्तर ननासिने गरी सुख्खा प्याकेजिङ गरिएका खाद्यान्न तथा फलफूलहरु ।

७. तयारी अवस्थामा पाइने खाद्य सामग्रीको प्रयोगलाई निरुत्साहित गर्दै जङ्क फुडलाई प्रतिवन्ध लगाउने ।

**४. विद्यालय दिवाखाजा व्यवस्थापन समिति :**

(क) दिवा खाजा सञ्चालन भएको विद्यालयको विद्यालय व्यवस्थापन समितिले देहाय वमोजिम एक खाजा व्यवस्थापन समिति गठन गर्नुपर्नेछ ।

१. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -अध्यक्ष

२. सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

३. शिक्षक अभिभावक संघले मनोनित गरेको एकजना महिला सदस्य सहित अभिभावकहरु मध्येबाट बढीमा २ जना -सदस्य

४. विद्यालयमा बाल क्लब भएमा सोबाट र नभए विद्यार्थीहरु मध्यबाट कम्तिमा एक छात्रा सहित २ जना -सदस्य

५. स्थानीय स्तरमा आमा समूह गठन भएको भए सोका अध्यक्ष -सदस्य

६. स्थानीय गैरसरकारी संस्था भएमा सोका प्रतिनिधि -सदस्य

७. विद्यालय व्यवस्थापन समितिले तोकेको १ जना शिक्षक -सदस्य सचिव

(ख) विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन नभएको खण्डमा निम्न बमोजिमका दिवाखाजा सञ्चालन समिति रहनेछ ।

१.सम्बन्धित विद्यालयको प्रधानाध्यापक -संयोजक

२. माथिल्लो कक्षाका १/१ जना छात्र र छात्रा गरी २ जना -सदस्य

३. शिक्षकहरु मध्येबाट प्रधानाध्यापकले तोकेको १ जना शिक्षक -सदस्य

४. सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

५. अभिभावक मध्येबाट १ जना महिला -सदस्य

६. शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रतिनिधि -सदस्य

**५. विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य :**

विद्यालय तथा विद्यालय व्यवस्थापन समितिको सहयोगमा यस समितिले खाजा व्यवस्थापनका लागि निम्न बमोजिम काम गर्नेछ ।

१.खाजा सामग्रीको सूचि तयार गर्ने, खरिद गर्ने वा गराउने ,

२.खाद्य सामग्रीको भण्डारण र सुरक्षा गर्ने ,

३. खाजा पकाउने र खुवाउने,

४. खाजा पकाउने स्थानको सरसफाई व्यवस्थापन गर्ने,

५.खाजा पकाउने व्यक्तिलाई खाद्यान्नको तयारी स्वस्थता लगायतका विषयमा जानकारी गराउने,

६. अन्य आवश्यक कार्य गर्ने ।

**६. उपलब्ध भएको रकम खर्च गर्ने आधारहरु :**

नगरपालिकाबाट उपलब्ध भएको दिवा खाजा बापतको रकम विद्यालय व्यवस्थापन समितिले निम्न कार्यमा खर्च गर्न सक्नेछ ।

१.विद्यार्थीहरुका दिवा खाजाका लागि आवश्यक पर्ने खाद्य सामग्री खरिद गर्ने,

२.खाजा पकाउन आवश्यक पर्ने भाँडावर्तन खरिद गर्नुपर्ने भए सोको लागि,

३. खाजा व्यवस्थापनसँग सम्बन्धित अन्य काम गर्ने ।

उपरोक्त बुँदा अनुसार गर्नुपर्दा नगरपालिकाको पूर्व स्वीकृति लिएर दिवा खाजामा तोकिएको मात्रा र गुणस्तरमा असर नपर्ने गरी कार्यक्रम सञ्चालन अवधिभरमा एक पटकको लागि १०० जनासम्म विद्यार्थी भएमा रु.१०,०००।- र १०१ देखि १५० जनासम्म विद्यार्थी भएमा रु १२,५००।- र १५१ भन्दा बढी जति संख्यामा विद्यार्थी भए तापनि रु.१५,०००।- खर्च गर्न सकिनेछ ।

**७.दिवा खाजा कार्यक्रमको आर्थिक व्यवस्थापन :**

कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम दिवा खाजा कार्यक्रमको लागि सशर्त अनुदानबाट प्राप्त रकमको निकासा विद्यालयलाई दिइनेछ । आम्दानी र खर्चको हिसाब दुरुस्त राख्नुपर्ने छ । यसरी आम्दानी र खर्चको हिसाव राख्ने तथा विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराउने कार्यको जिम्मेवारी खाजा व्यवस्थापन समितिको सदस्य सचिवको हुनेछ । दिवा खाजा बापत भएको खर्चको मासिक प्रगति नगरपालिकामा पठाउने दायित्व प्रधानाध्यापकको हुनेछ ।

## ८. दिवा खाजा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन :

यस कार्यक्रमको नियमित अनुगमन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ नगरपालिका शिक्षा शाखा, नगर शिक्षा समिति तथा नगरपालिकाका अन्य पदाधिकारीवाट हुनेछ । कार्यक्रमको प्रभावकारिता मुल्याङ्कनका लागि विद्यालयले खाजा कार्यक्रम शुरु गर्नु अघिको यथार्थ विवरण (भौतिक, शैक्षिक, आर्थिक, विद्यार्थीको टिकाउ दर, सिकाइको अवस्था इत्यादि) को रजिस्टर तयार गरी राख्नु पर्नेछ ।

## ९. अन्य अवस्था :

१.विद्यालयहरुमा हुने दिवा खाजाको प्रभावकारी व्यवस्थापनमा सहयोग पुर्याउन अनुसूची-१ बमेजिम नगरस्तरीय विद्यालय स्वास्थ्य र पोषण  समन्वय समिति गठन गरिनेछ साथै सोही अनुसूची बमोजिमको भुमिका प्रदान गरिनेछ ।

२.दिवा खाजाको कोटा प्राप्त विद्यालयले अनुसूची -२ बमोजिम प्रतिवद्धतामा हस्ताक्षर गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

३.दिवा खाजाको गुणस्तर र अन्य व्यवस्थापनमा सुधार ल्याउन प्रत्येक विद्यालयले अनुसूची -३ अनुसार विद्यालय स्वास्थ्य पोषण समिति गठन गरी सोको जानकारी नगरपालिकालाई गराउनु पर्नेछ साथै सो समितिलाई तोकिएको जिम्मेवारी निर्वाहमा परिचालन गराउनु पर्नेछ ।

४.स्थानीय रुपमा उत्पादित, प्रशोधित तथा प्याकेजिङ गरिएका गुणस्तरीय खानेकुरा विद्यार्थीलाई खुवाउनु पर्नेछ ।

अनुसूचि-१

**नगरस्तरीय विद्यालय स्वास्थ्य र पोषण समन्वय समिति :**

| | |
|---|---|
| १. नगर प्रमुख | -संयोजक |
| २. स्वास्थ्य शाखा प्रमुख | -सदस्य |
| ३. नगर शिक्षा समिति सदस्य | -सदस्य |
| ४. शिक्षा शाखा प्रमुख | -सदस्य सचिव |

**नगरस्तरीय विद्यालय स्वास्थ्य पोषण समन्वय समितिको भुमिका**

१. विद्यालय स्वास्थ्य र पोषण कार्यक्रमको नगरस्तरीय कार्ययोजना बनाउने र सम्वन्धित निकाय मार्फत जानकारी गराउने,

२. ख़ानेपानी , शौचालय र सरसफाई जस्ता क्रियाकलापको सञ्चालनमा स्थानीय खानेपानी कार्यालयसँग समन्वय गर्ने र सहयोग लिने,

३. कार्यक्रमको नियमित समीक्षा, अवलोकन र मुल्याङ्कन गर्ने ,

४. सरोकारवाला सरकारी, गैरसरकारी दातृ निकायसँग सम्पर्क र समन्वय गर्ने, सञ्जाल निर्माण गर्ने र साझेदारी कायम् गर्ने,

५. स्वीकृत नीति निर्देशिका अनुसार कार्यक्रम सञ्चालन गर्ने र परिमार्जन वा संशोधन गर्नुपर्ने देखिएमा सुझाव दिने,

६. कार्यक्रम सञ्चालनको लागि स्रोतको खोजी र परिचालन गर्ने,

७. नगरस्तरमा तालिम गोष्ठी कार्यशाला बैठकको आयोजना गर्ने र विद्यालयस्तरमा आयोजित ती कार्यक्रमहरुमको सञ्चालनमा स्रोत तथा विशेषज्ञ उपलब्ध गराई सहयोग गर्ने ,

८. सम्वन्धित विद्यालयबाट प्रगति प्रतिवेदन लिने र शिक्षा समितिमा पेश गर्ने

९. कार्यक्रमसँग सम्वन्धित विषयमा आवश्यक अन्य कार्यहरु गर्ने ।

## अनुसूचि-२

दिवा खाजा कार्यक्रमका लागि छनोट भएका विद्यालयले नगरपालिकामा पेश गर्नु पर्ने प्रतिवद्धता पत्र नेपाल सरकारको सहयोगमा आर्थिक वर्ष ....... देखि दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा श्री ......... विद्यालयले मिति मा कविलासी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गरेको प्रतिवद्धता पत्र ।

**विद्यालय/विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता :**

१. दिवा खाजा कार्यक्रमको लागि विद्यालय छनोट भएको जानकारी प्राप्त भएको मितिले ७ दिनभित्र नगरस्तरीय खाजा व्यवस्थापन समिति गठन गरी नगरपालिकामा जानकारी गराउनेछौं ।

२.विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि आवश्यक पर्ने थप स्रोत साधन तथा सहयोग उपलब्ध गराउनेछौं ।

३. विद्यालय व्यस्थापन समितिबाट नियमित प्रतिवेदन लिई समितिमा छलफल गराई नगरपालिकामा पेश गर्नेछौं ।

४. नियमित अनुगमन गरी सुझाव कार्यान्वयन गर्ने व्यवस्था गर्नेछौं ।

५. अभिभावक भेला गराई स्वच्छ शैक्षिक वातावरण सिर्जना गर्न अन्तरक्रिया गर्नेछौं ।

६. वार्षिक रुपमा सामाजिक परीक्षण गराई नगरपालिकामा तोकिएको ढाँचामा प्रतिवेदन पेश गर्नेछौं ।

७. विद्यालय खाजा व्यवस्थापन समितिलाई आवश्यक सहयोग गरी दिवा खाजाको सम्पूर्ण व्यवस्थापन गर्नेछौं ।

८. सामुदायिक विद्यालयहरुमा खाजा सञ्चालन कार्यविधि २०७८ तथा संघीय सरकारबाट जारी विद्यालय खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ अनुसार कार्य गर्नेछौं ।

उपयुक्त साथै यो कार्यविधि समेतको पालना गरी खाजा खुवाउने छौं । नगरपालिकाबाट प्राप्त रकम पारदर्शी ढङ्गले खर्च गर्नेछौं आर्थिक अनियमितता भएमा त्यसको सम्पूर्ण जिम्मेवारी वहन गरी प्रचलित कानुन अनुसार असुल उपर वा हिसाब मिलान गर्नेछौं । उपर्युक्त बमोजिम गर्न नसकेमा जुनसुकै बखत कार्यक्रम रद्ध गरी नियमानुसार कारवाही गरिएमा हाम्रो मन्जुरी छ ।

| | |
|---|---|
| दस्तखत: ............... | दस्तखत: ................. |
| नाम : | नाम : |
| पद : | पद : |
| विद्यालयको नाम : | विद्यालयको नाम: |
| ठेगाना : | ठेगाना: |

अनुसूचि-३

विद्यालय स्वास्थ्य पोषण समिति

१. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १ जना -संयोजक

२.विद्यालयका प्रधानाध्यापक १ जना -सदस्य

३. शिक्षक अभिभावक संघका अध्यक्ष १ जना -सदस्य

४. कार्यक्रम हेर्ने गरी तोकिएको शिक्षक १ जना -सदस्य

५. सम्बन्धित वडा अध्यक्ष १ जना -सदस्य

६. प्रा.स्वा.के/स्वास्थ्य/उप स्वास्थ्य चौकीका प्रमुख वा महिला स्वास्थ्य स्वयम् सेविका मध्येबाट १ जना -सदस्य

७. सम्बन्धित शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख १ जना -सदस्य

८. स्थानीय वन उपभोक्ता समिति/ गैसस प्रतिनिधि १ जना -सदस्य

विद्यालय स्वास्थ्य र पोषण समितिको काम कर्तव्य र भुमिका :

१. विद्यालयस्तरको आर्थिक कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने ।

२. विद्यालय सुधार योजनामा विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुलाई समावेश गर्ने ।

३. स्थानीयस्तरमा उपलब्ध हुन सक्ने स्रोतको परिचालन गरी कार्यक्रम सञ्चालन गर्ने ।

४. दिवा खाजाको व्यवस्थापन गर्दा बजारमा उपलब्ध तयारी खाजा सकेसम्म प्रयोग नगरी स्थानीय स्तरमा उत्पादित खाद्य सामग्रीमा जोड दिने ।

५. स्वीकृत नीति निर्देशिका अनुसार कार्यक्रम सञ्चालन गर्ने ।

६.स्थानीयस्तरमा कार्यक्रमसँग सम्बन्धित सरोकारवालासँग सम्पर्क, समन्वय, सञ्जाल निर्माण र दिगो साझेदारीको विकास गर्ने ।

७. अन्तर विद्यालय स्तरमा अतिरिक्त क्रियाकलाप गर्ने ।

८. तोकिएको समयमा प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने ।

९. कार्यक्रमको स्वअनुगमन, आवधिक समीक्षा र मूल्याङ्कन गर्ने ।

१०.दिवा खाजासँग सम्बन्धित अन्य विविध कार्य गर्ने ।